मिति २०७५/०५/०५ गते बसेको सचिव बैठकका निर्णयहरुः

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय/पदाधिकारी | सहयोगी निकाय | अनुगमन गर्ने निकाय/पदाधिकारी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय सदाचार नीति, २०७५ को मस्यौदामा प्राप्त हुन आएका सुझावहरू समेटेर मस्यौदाको पुनः परिमार्जन गर्ने । | सचिव, राष्ट्रिय सुरक्षा, सुशासन तथा नतिजा व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - अर्थ मन्त्रालय<br>- परराष्ट्र मन्त्रालय<br>- गृह मन्त्रालय<br>- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यथाशिघ्र |
| २ | तत्काल समस्या समाधान केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ को मस्यौदामा प्राप्त हुन आएका सुझावहरू समेटेर मस्यौदाको परिमार्जन गर्ने । | सचिव, राष्ट्रिय सुरक्षा, सुशासन तथा नतिजा व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालयहरु | मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यथाशिघ्र |
| ३ | नयाँ स्वीकृत भएका संघ, प्रदेश र स्थानीय तहका संगठन संरचना र कर्मचारी व्यवस्थापनको निरन्तर समीक्षा गरी अति आवश्यक परिमार्जनको लागि युद्धस्तरमा कार्य गर्ने र मुख्य सचिवलाई तुरुन्त रिपोर्टिङ्ग गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सेवा समूह संचालन गर्ने सबै निकाय | सचिव, राष्ट्रिय सुरक्षा, सुशासन तथा नतिजा व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यथाशिघ्र |
| ४ | प्रदेश र स्थानीय तहको जनशक्ति व्यवस्थापनमा हालसम्म भएको कार्यप्रगतिको सारांश म्याट्रिक्स (summary matrix) तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तीन दिनभित्र प्रगति विवरण पेश गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सेवा समूह संचालन गर्ने सबै निकाय | सचिव, सामाजिक विकास तथा प्रादेशिक समन्वय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ दिनभित्र |

मुख्य सचिव